हाकिमकहाँ उपस्थित भई छापाखाना र प्रकाश—कस्थानको पूरा पत्ता ठेगाना दी फलाना ठेगानाबाट प्रकाशित हुने फलाना नाउँ गरेको अखवारको म प्रकाशक, मुद्रक हुँ भन्ने बेहोराको २ प्रति दरखास्त दिई—छापाखाना र प्रकाशनसम्बन्धी ऐनबमोजिम गरुँला, ऐनबर्खिलाप कुनै काम गर्ने गराउनेछैन, गरें गराएँ भने ऐनबमोजिम सजाय सहुँला' भन्ने बेहोराको कबूलियतको कागतसमेत गरिदिई इजाजत लिनुपर्छ।

साबिक ६ नं. को (ग) दफा खारेज गरी त्यसको बदला (ग) दफा—अखवारको मुद्रक प्रकाशक र छापाखानाका मालिकहरुमध्ये कोही बदलिएमा, घर डेरा सरेमा र अखवारको नाम फेर्नुपरेमा छापाखाना नै सार्नुपरेमा अथवा कोही कसैको ठाउँमा कायम मुकायम भै काम गर्नुपरेमा र सो काममा नयाँ नियुक्ति भएमा समेत माथि दफामा लेखिएबमोजिम दरखास्त दिई कबुलियतको कागत गरी इजाजत लिनुपर्छ।

सदर २०११।११।१६।४ मा

आज्ञाले—

नयनबहादुर,

का, मु. सेक्रेटरी—कानूनमन्त्रालय.

## पब्लिक सर्भिस कमिशन विज्ञापन नं.३ मा संशोधन

२५–१ ११

शिक्षामन्त्रालयका अनुरोध—अनुसार हिन्दी लेकचरर पदका निमित्त कमसेकम ५ वर्षसम्म पढाएको अनुभवको विशेष योग्यता र उमेर ३० देखि ४० व-सम्म नचाहिने भएकोले यस प. स. कमिशनबाट पूर्व प्रकाशित सूचना नं. ३ मा यो संशोधन गरी सूचित गरिएको छ।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी पब्लिक सर्भिस कमिशन, सिंहदरबार काठमाडौं नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।